बैठक नं. ८२

आज मिति २०८२ जेठ ५ गते, सोमबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

<u>विषयहरु :</u>

१. उत्कृष्ट कर्मचारी सम्मान सम्बन्धमा ।

२. ३० वर्ष सेवा गरेका कर्मचारीलाई दीर्घ सेवा सम्मान सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन ।

४. विविध ।

<u>निर्णयहरु</u> :-

१. भक्तपुर नगरपालिका सुशासन समितिको मिति २०८२।२।५ को निर्णय अनुसार देहाय बमोजिमका १० जना उत्कृष्ट कर्मचारीहरु तथा ३० वर्ष बढी कार्य गरेका ५ जना कर्मचारीहरुलाई सम्मानित गर्ने निर्णय गरियो :

**<u>उत्कृष्ट कर्मचारीहरु</u>**

१. ड्राइभर मनोज छुकां (प्रशासन शाखा)

२. क.अ. राजन बनमाला (योजना तथा प्राविधिक शाखा)

३. व.स. अर्जुन खाइतु (कर उपशाखा)

४. हेल्पर कृष्ण प्रसाद त्वायना (श्यानिटेशन उपशाखा)

५. स.म. उर्मिला पोडे (श्यानिटेशन उपशाखा)

६. व.स. श्री विकास प्रजापति (पर्यटन सेवा केन्द्र)

७. शिक्षिका नजरमाया बाटी (शिशु स्याहार केन्द्र)

८. का.स. हिराबहादुर खत्री (३ नं. वडा कार्यालय)

९. ई. विजय जति (नक्सा उपशाखा)

१०. आर्क रामगोविन्द श्रेष्ठ (सम्पदा उपशाखा)

**३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरु**

१. अ. रोशना न्याइच्याई

२. व.स. कृष्ण गोविन्द सुवाल

३. व.स. हरिराम कुसी

४. व.नि. राम सुवाल

५. का.स. श्रीकृष्ण त्वन्जु

३. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. कृषि समिति**

मिति २०८२।०२।५ गतेको कृषि समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो:

1. मिति २०८१।१०।२३ गते मजदुर दैनिकमा प्रथम पटक प्रकाशित प्रस्ताव आह्वान सूचनामा कुनै पनि प्रस्ताव नपरेको र मिति २०८१।११।२६ गते पुनः प्रकाशित सूचना बमोजिम म्यादभित्र पर्न आएको एक मात्र फर्म 'कमलविनायक नगाँचा कृषि समूह' को प्रस्ताव, कौशी खेती प्रवर्द्धन कार्यक्रम मूल्यांकन समितिबाट उक्त फर्मको प्रस्ताव स्वीकृतिका लागि सिफारिस भई आएकोले सो फर्मलाई कौशी खेती प्रवर्द्धन कार्यक्रममा साझेदार छनौट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

४. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. ख्वप बहु प्राविधिक अध्ययन संस्थानमा अध्यनरत विद्यार्थीहरुबाट २०८२ असारसम्ममा प्राप्त हुने रकम र हाल बांकी रहेको मौज्दात रकम कम भएकोले संस्थानका कर्मचारीहरुलाई २०८२ बैशाख महिनाको तलव भत्ता तथा पारिश्रमिक भुक्तानी गर्न, नयाँ कार्यक्रमहरुको व्यवस्थापनका लागि आवश्यक खर्चहरु, भुक्तानी दिन बाँकी बक्यौताहरु भुक्तानी लगायत ख्वप अस्पतालसँग लिएको ऋण चुक्ता समेतका लागि नपुग रकम रु.१ करोड ५० लाख अनुदान उपलब्ध गराई पाऊं भनी परेको निवेदनमा छलफल हुंदा नपुग रकम रु.७५ लाख मात्र अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

ख. भ.न.पा. वडा नं. ८ महेश्वरी पुलदेखि ब्रम्हायणी पुलसम्मको खोला र लर्के खोला सुधार कार्य योजना संचालन गर्न मिति २०८२।२।५ गते बसेको बैठकबाट निम्न अनुसार उपभोक्ता समिति र निरीक्षण तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो :

**उपभोक्ता समिति**

अध्यक्ष : नारायण प्रसाद खाइतु

सचिव : धर्म गुसाई

कोषाध्यक्ष : राज्यश्वरी कोजु

सदस्य : गणेश प्रसाद गलजु

सदस्य : लक्ष्मी प्रसाद न्हुछे

सदस्य : कृष्ण भक्त सांध

सदस्य : धनबहादुर सितिखु

सदस्य : लक्ष्मी कपाली

सदस्य : मैंया गाईजु

**निरीक्षण तथा अनुगमन समिति**

संयोजक : कृष्ण प्रसाद कोजु

सदस्य : सुमित्रा बोहजु

सदस्य : रामप्रसाद किसी

सदस्य गोपाल बहादुर प्रधान

सदस्य : लक्ष्मी केशरी पौ (सितिखु)